# फिदिम राजपत्र

## फिदिम नगरपालिकाद्वारा प्रकाशित

खण्डः६ | फिदिम , पाँचथर | माघ १० गते २०७९ | संख्याः ८


भाग-२

फिदिम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फिदिम पाँचथरको सूचना

# स्थानीय राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि (पहिलो संशोधन), २०७९

फिदिम नगरपालिकाद्धारा प्रकाशित हुने स्थानीय राजपत्र प्रकाशित गर्ने कानून स्थानीय राजपत्र प्रकाशन प्रकाशन सम्बन्धि कार्यबिधि २०७६ लाई संशोधन गर्न बान्छनिय भएकोले, फिदिम नगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि फिदिम नगर कार्यपालिकाले यो कार्यबिधि जारी गरेको छ ।

१) **संक्षिप्त र प्रारम्भः**

(क) यो कार्यविधिको नामः **"स्थानीय राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि (पहिलो संशोधन), २०७९"** रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

(ग) स्थानीय राजपत्र प्रकाशन सम्बन्धि कार्यबिधि २०७६ को दफा ४ बमोजिम तोकिएको अनुसूचि २ को सट्टा देहायको अनुसूचि २ को ढाँचा रहने छ । स्थानीय राजपत्र प्रकाशन सम्बन्धि कार्यबिधि २०७६ को दफा ४ बमोजिम तोकिएको अनुसूचि २ को सट्टा देहायको अनुसूचि २ को ढाँचा रहने छ ।

**अनुसूची-२**

(दफा ४ सँग सम्बन्धित)

# फिदिम राजपत्र

# फिदिम नगरपालिकाद्धारा प्रकाशित

खण्डः फिदिम, पाँचथर महिना गते साल संख्याः

**भाग-**

**फिदिम नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**फिदिम पाँचथरको सूचना**

.....................................................................................

**प्रत्येक पेजको हेडरमा**

खण्डः संख्याः फिदिम राजपत्र भागः मितिः

आज्ञाले

गणेश प्रसाद दाहाल

प्रमुख प्रशासकीय अधिकृत